# आलु खेती प्रवर्धन विशेष कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**प्रस्तावनाः** आलु खेतीमा उन्नत प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यवसायीकरणमा टेवा पुऱ्याउन तथा उत्पादित वस्तुको व्यवस्थित भण्डारण तथा बजारीकरणका लागि आलु खेती प्रवर्धन बिशेष कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) कार्यक्रम संचालन गर्ने कार्यालयले आलु उत्पादन गर्ने क्लस्टर छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

(ख) प्रत्येक क्लस्टरमा कम्तीमा १० घरधुरी संलग्न हुनुपर्नेछ।

(ग) छनौट भएका क्लस्टरमा प्रत्येक घरधुरीले कम्तीमा थप ३ रोपनी (क्लष्टरमा कम्तीमा ३० रोपनी थप) क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

(घ) आलु खेती गर्दा सिफारिस गरिएका उन्नत जात (उच्च पहाड तथा हिमाली क्षेत्रमा स्थानीय जात समेत) तथा प्रविधिको प्रयोग गर्नुपर्नेछ।

(ङ) आलु खेती गर्दा सम्बन्धित कृषि ज्ञान केन्द्रले सिफारिस गरे अनुसार बीउ र मलखाद प्रयोग गर्नुपर्नेछ।

(च) यो कार्यक्रम कृषि समूह तथा सहकारी मार्फत संचालन हुनेछ।

## २. आर्थिक पक्ष

स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) आलु खेतीको लागि आवश्यक बीउ खरिद।

(ख) यन्त्र, उपकरण खरिद र सिंचाई व्यवस्थापन।

(ग) ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामग्री खरिद, भण्डारण र बजारीकरण।

## ३. मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| **१.** | **आलु खेती गर्ने क्षेत्रफल** | **३०** |
| (क) | ३० रोपनी जग्गाको लागि १५ अंक र सो भन्दा बढी क्षेत्रफलका लागि प्रति ३ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने। | ३० |
| **२.** | **सिँचाई सुविधा** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको | २० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | १० |

| | | |
|---|---|---|
| ३. | **रोजगारी सिर्जना** | **१०** |
| (क) | क्लष्टरमा १० जना भन्दा बढी | १० |
| (ख) | क्लष्टरमा ५-१० जनासम्म | ८ |
| (ग) | क्लष्टरमा ५ जना भन्दा कम | ६ |
| ४. | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि समुदायस्तरले अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय बिस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| ५. | **कार्यक्रममा संलग्न घरधुरी** | **१०** |
| (क) | २० वा सो भन्दा बढी | १० |
| (ख) | ११ देखि १९ घरधुरी | ७ |
| (ग) | १० घरधुरी | ५ |
| ६. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **८०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**ख. सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. कुल अनुमानित उत्पादनः**

**घ. कुल रोजगारी सिर्जनाः**

**ङ. संचालन हुने क्रियाकलापहरुः**

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

च. माग गरेको जम्मा अनुदान रकमः

छ. अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

ज. अन्य बिषय केही भए उल्लेख गर्नुहोस्